नेपाल सरकार
परराष्ट्र मन्त्रालय

# राहदानी विभाग

त्रिपुरेश्वर, काठमाडौं

## अन्तरिम अवस्थामा राहदानी सेवा व्यवस्थापन सम्बन्धमा

## जरुरी सूचना

राहदानी विभागले राहदानी खरिदका लागि नयाँ आपूर्तिकर्तासँग सम्झौता गरी नयाँ प्रणाली मार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिका लगायतको आवश्यक तयारी गरिसकेको जानकारी गराउँछौं । अबको एक-दुई महिना भित्रमा हालको प्रणालीबाट नयाँ प्रणालीमा बदली (Switch) हुने र उक्त अन्तरिम अवस्थामा प्रणाली स्थिरीकरण (Stabilization ) नभएसम्म देहायको अवस्था हुन सक्ने देखिएको छः-

क) जिल्ला/इलाका प्रशासन तथा विदेशस्थित नेपाली नियोगबाट प्रदान गरिने राहदानी सेवा १ देखि ३ हप्तासम्म बन्द हुन सक्ने ।

ख) राहदानी विभागबाट प्रदान गरिने राहदानी सेवा करिब १ हप्तासम्म बन्द हुन सक्ने ।

ग) नयाँ प्रणाली कार्यान्वयन भएपश्चात् प्रणाली स्थिरीकरण (Stabilization) हुन १ देखि ३ महिना सम्म लाग्ने भएकोले उक्त अन्तरिम अवधिमा जिल्ला/इलाका प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट आवेदन दिंदा राहदानी तयार भई जारी हुन हालको भन्दा बढी समय लाग्न सक्ने ।

अतः उक्त अवस्थालाई मध्यनजर गर्दै आगामी ६ महिनासम्म (अर्थात् २०८३ असोज भित्रमा) राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीले अन्तरिम अवस्था शुरु हुनु अघि नै नियमानुसार सम्बन्धित जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोग वा राहदानी विभागबाट राहदानी सेवा लिनु हुन हार्दिक अनुरोध छ ।

साथै नयाँ प्रणाली शुरु हुने मिति तथा उक्त अवधिमा गरिने व्यवस्थाका सम्बन्धमा अर्को सूचना मार्फत जानकारी गराइने बेहोरा समेत सादर अनुरोध छ ।

राहदानी विभाग
मितिः-२०८२ फागुन २८ गते